३. भित्री कपडा हालिसकेपछि पेन्टिमा राख्ने बेला खुल्ला भएको भाग पेन्टिको तल तिर फर्काएर राख्ने र पेन्टिको बाहिर पट्टि पखेटाको प्रेस वटमले च्याप्ने ।



## संगी प्याडबारे ध्यान दिनुपर्ने कुराहरू

- संगी प्याड तयार गर्नको लागि सकेसम्म सुतिको नरम कपडा प्रयोग गर्नुपर्छ ।
- संगी प्याड तयार गर्दा सकेसम्म सेतो कपडा प्रयोग गर्नुपर्छ । कालो कपडा प्रयोग नगर्नु वेश हुन्छ । रगत धब्बा नदेखिन अन्य रङ्गको कपडा प्रयोग गर्न सकिन्छ ।
- संगी प्याडलाई प्रयोग गर्नु पूर्व एक पटक प्याडलाई धुनुपर्छ ।
- रजस्वला भएको बेला संगी प्याड प्रयोग गर्दा हतार गर्नु हुँदैन र धैर्य गरेर भित्र बाहिर सबै हेरेर मात्र प्रयोग गर्नु पर्छ ।
- प्रयोग गरिरहेको प्याडलाई ४ देखि ६ घण्टामा एकचोटी फेर्नु पर्दछ । रगत छैन भनेर राखीराख्नु हुँदैन ।
- प्रयोग गरिसकेको संगी प्याडलाई साबुनपानीले सफा हुनेगरि धुनुपर्छ र धोइसकेपछि पारिलो घाममा ७ घण्टा सम्म सुकाउनु पर्छ । घाम नलागेको बेला १ दिन सुकाउनु पर्छ ।
- संगी प्याडलाई ओसिलो ठाँउमा राख्नु हुँदैन र सुरक्षित तरिकाले दराज भित्र वा ओछ्यान मुनि राखे वेश हुन्छ ।


**थप जानकारीका लागि**

**शहरी वातावरण व्यवस्थापन समाज (यूम्स्)**

**केन्द्रिय कार्यालय**

प्रयागपोखरी -६, ललितपुर उपमहानगरपालिका
फोन नं.९७७ ०१ ५५३४७९८, ५५२३३२८
ईमेल: uems@wlink.com.np
वेभसाईट: www.uems.org.np
www.facebook.com/uemsnepal


संगी प्याड प्रयोग गरौं,
रजस्वला बेला ढुक्क होऔं ।



# संगी प्याड

## घरेलु स्तरिय स्यानिटरी प्याड


शहरी वातावरण व्यवस्थापन समाज
Urban Environment Management Society
WaterAid

## प्याड सिउने तरिका

१. कपडा काटी सकेपछि पहिले पछाडीको प्याडको दुईवटै टुक्रा एकापट्टीको सिधा छेउ मात्र हातले हेमिङ्ग गर्ने या कल मेशिनले सिउने ।



२. त्यसपछि अगाडी पाटाको विपरीतबाट पछाडीको दुईवटै पाटा माथिबाट मिलाएर छेउछेउमा आधा ईन्च जति चारैतिर पछाडी बलियो हुने गरि फर्की टाका सिउने या कल मेशिनले सिउने । *संगी प्याडको खोलमा पोलिस्टर कपडाको भित्री हालि पेन्टिमा रगत नचुहिने गरि प्याडलाई वाटरप्रुफ बनाउन सकिन्छ ।*



३. अन्तमा सिउन सकिएको प्याड सुल्टो गरेर प्याडको एक पखेटाको माथि पट्टी छेउमा प्रेश वटमको एकपट्टी राख्ने र अर्को पखेटाको भित्रपट्टिको छेउमा प्रेश वटमको अर्को पट्टी राख्ने । *प्रेश वटमको सट्टामा तुना पनि राख्न सकिन्छ ।*



## संगी प्याड प्रयोग गर्ने तरिका

१. शुरुमा आफूलाई आवश्यकता अनुसार नरम फलाटिन कपडा दोबारेर राख्ने



२. दोबारेको कपडालाई संगी प्याडको खोल भित्र राख्ने ।

